पोखरा उपत्यका साइडसिन घुम्न जाऔं
घुमाउने ठाउँहरू
बेगनास–रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय
बिहान ९:३० बजे



सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ माघ ५ गते शनिबार ❑ 18 Jan. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## 'राजनीतिक दल रुपान्तरित भई आमनागरिकका पक्षमा काम गर्नुपर्ने'

**पोखरापत्र संवाददाता**
पोखरा, ४ माघ

नेपाली काङ्ग्रेसका उपसभापति पूर्णबहादुर खड्काले राजनीतिक दलका नेता तथा कार्यकर्ता समयमा रुपान्तरित भई आमनागरिकका पक्षमा काम गर्नुपर्ने बताउनुभएको छ।



शुक्रबार पोखरामा नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति महासङ्घ गण्डकी प्रदेशद्वारा आयोजित प्रदेशस्तरीय प्रशिक्षक/प्रशिक्षण कार्यक्रममा उपसभापति खड्काले पछिल्लो समय राजनीतिक दलप्रति जनताको नकारात्मक धारणा रहेकाले सोलाई सकारात्मक रूपमा बदल्नुपर्नेमा जोड दिनुभयो। उहाँले राजनीतिप्रति नागरिकको निराशालाई आशामा बदल्नुपर्नेमा जोड दिनुभयो।

सात पुस्तासम्म जोडिएको कांग्रेसले नयाँ पुस्ताका युवासँग सहकार्य गर्दै अगाडि बढ्नपर्ने उहाँले धारणा राख्नुभयो। उपसभापति खड्काले पार्टीका नेता, कार्यकर्ताले नकारात्मक विचार र क्रियाकलाप छाडेर सकारात्मक मार्ग अवलम्बन गर्न सकेमा पार्टी सुदृढीकरणमा सफलता मिल्ने बताउनुभयो। उहाँले आवश्कताका आधारमा सबैको सहमति र समन्वयमा संविधान संशोधन गर्नुपर्नेमा जोड दिनुभयो। कांगेसका उपसभापति खड्काले संविधानको मूल मर्म नबिग्रने गरी सबैको सहमतिका आधारमा संशोधन गर्नुपर्ने धारणा राख्नुभयो। राजनीतिक स्थिरता र समृद्धि हासिल गर्न संविधान संशोधन आजको आवश्यकता रहेको उहाँले उल्लेख गर्नुभयो।

शुक्रबारदेखि सुरु भएको प्रदेशस्तरीय प्रशिक्षक/प्रशिक्षण कार्यक्रम दुई दिनसम्म सञ्चालन हुनेछ।

## शीघ्र संसद् अधिवेशन आह्वान गर्न विपक्षी दलको माग

**रासस**
काठमाडौं, ४ माघ

संसद्मा प्रतिपक्षमा रहेका दलहरूले सङ्घीय संसदको नियमित हिउँदे अधिवेशन तत्काल आह्वानको माग गरेका छन्।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), नेकपा (एकीकृत समाजावादी), राष्ट्रिय जनमोर्चा, आम जनता पार्टी (आजपा) र नेपाल समाजवादी पार्टी (नेसपा)को शुक्रबार यहाँ भएको संयुक्त बैठकले शीघ्र अधिवेशन आह्वान गर्न माग गरेको हो।

सङ्घीय संसद्को नियमित अधिवेशन बोलाएर कानुन निर्माण नगरी, संसदीय समितिमा छलफलको क्रममा रहेका विधेयक फिर्तासमेत नलिई अध्यादेश जारी गरेकामा बैठकले विमति जनाएको छ। बैठकले शान्तिप्रक्रियाका बाँकी कामसँग सम्बन्धित बेपत्ता प्रक्रियालाई अबिलम्व अघि बढाई पीडितहरूलाई न्याय दिन सरकारको ध्यानाकर्षण गराएको छ। बैठकमा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देल, रास्वपाका कार्यवाहक सभापति डिपी अर्याल, राजमोका उपाध्यक्ष दुर्गा पौडेल, आजपाका सह-अध्यक्ष तिलक थापा मगर र नेसपाका अध्यक्ष महेन्द्र राय यादवलगायत नेता सहभागी हुनुहुन्थ्यो।

## फलामखानी र मल कारखाना खोल्दैछौँ, ऊर्जा खपतको चिन्ता गर्नुपर्दैन : प्रधानमन्त्री

**रासस**
काठमाडौं, ४ माघ

प्रधानमन्त्री केपी शर्मा ओलीले स्वदेशमै फलामखानी र मल कारखानाजस्ता ठूला उद्योग स्थापना हुने क्रममा रहेका र बन्द भएका उद्योगलाई नयाँ ढाँचामा सञ्चालनको तयारी भएकाले उत्पादित ऊर्जाको खपतको चिन्ता लिइरहनु नपर्ने बताउनुभएको छ।

स्वतन्त्र ऊर्जा उत्पादक सङ्घ (इप्प्पान) को रजतजयन्तीका अवसरमा आज यहाँ आयोजित कार्यक्रममा प्रधानमन्त्री ओलीले ऊर्जा उत्पादकले उत्पादित ऊर्जा खपतका ठाउँ आफैं बनाउने भएकाले ऊर्जा बिक्रीको चिन्ता गरिरहनु नपर्ने बताउनुभएको हो। सरकारले आगामी ११ वर्षभित्र २८ हजार पाँच सय मेगावाट बिजुली उत्पादनको मार्गचित्र तयार गरेको उहाँले बताउनुभयो।

"हामीसँग आठ वटा औद्योगिक क्षेत्र छन्। धौवादी फलाम खानी र मल कारखाना खोल्दैछौँ। दैलेखमा ग्यास उत्पादन हुँदैछ। ध्वस्त भएका उद्योगले पुनःजीवन पाउँदैछन्। ती सबैमा ऊर्जाका खपत हुनेछ", प्रधानमन्त्री ओलीले भन्नुभयो, "ग्रिन हाइड्रोजन इनर्जी उत्पादन गर्न पनि अनुसन्धान भइरहेको छ। यस क्षेत्रमा नयाँनयाँ सम्भावनाको खोजी गर्नुपर्नेछ। देशलाई आधुनिकीकरण र विकास गर्दै अध्याँरोबाट उज्यालोमा लाने प्रयासमा लागेका ऊर्जा उत्पादकको योगदानको म प्रशंसा गर्दछु। तपाईंहरू लगानी गर्नुस्, लगानी खोज्दै अरुलाई खोला दिइरहनु पर्दैन।" प्रधानमन्त्री ओलीले ऊर्जा क्षेत्रमा सरकारको लगानीका साथै निजी र वैदेशिक क्षेत्रको लगानीलाई पनि उत्तिकै महत्व दिइएको जनाउँदै व्यवस्था बदलियो अवस्था बदलिएन भन्नेहरूलाई ऊर्जा उत्पादकहरूले हासिल गरेको सफलताले देशको अवस्थामा परिवर्तन ल्याएको स्पष्ट गर्नुभयो।

## वरिष्ठ अधिवक्ता त्रिपाठीमाथिको आक्रमणबारे सर्वोच्च बारको ध्यानाकर्षण

**रासस**
काठमाडौं, ४ माघ

सर्वोच्च अदालत बार एशोसिएसनले यही माघ २ गते वरिष्ठ अधिवक्ता डा दिनेश त्रिपाठीमाथि भएको भौतिक आक्रमण, गाली-गलौज तथा धम्कीपूर्ण कार्यप्रति ध्यानाकर्षण भएको जनाएको छ।

एशोसिएसनका सचिव रमणकुमार कर्णले शुक्रबार जारी गरेको प्रेस विज्ञप्तिमा काठमाडौँ जिल्ला अदालतमा चलिरहेको सङ्गठित अपराध र ठगी मुद्दामा थुनछेक बहस गरी अदालतबाट बाहिर निस्किने क्रममा जाहेरवालाका तर्फबाट बहस गरेकै आधारमा बहस पैरवीका बुँदाहरूलाई लिएर अराजक समूहबाट यस बार एशोसिएसनका सदस्य वरिष्ठ अधिवक्ता डा त्रिपाठीमाथि व्यवहारप्रति ध्यानाकर्षण भएको जनाएको हो। "कानुन व्यवसायीमार्फत आफ्नो प्रतिरक्षा गर्न पाउने हक नेपालको संविधानले प्रत्याभूत गरेको मौलिक हक हो। कानुन व्यवसायीमाथि हुने हातपात कुटपिट तथा कुनै पनि प्रकारको भौतिक तथा मानसिक आक्रमण कानुन व्यवसायीउपर मात्र नभई स्वतन्त्र न्यायपालिका र समग्रमा संविधान माथिकै सुनियोजित आक्रमण हो भन्ने बार एशोसिएसनको ठम्याइ रहेको छ", विज्ञप्तिमा भनिएको छ। बार एशोसिएसनले यस घटनाका प्रत्यक्षदर्शीहरू, खिचिएका भिडियोहरू र सम्बद्ध प्रमाणसमेतलाई अनुसन्धानका आधार बनाई निष्पक्ष र स्वतन्त्र अनुसन्धान गरी दोषीमाथि अविलम्ब कानुनबमोजिम कारबाही गर्न र भविष्यमा यस्तो घटना नदोहोरियोस् भनी त्यसतर्फ आवश्यक प्रबन्ध गर्न गराउन गृहमन्त्रालयलगायत सम्बद्ध निकायसमक्ष माग गरेको छ।

बारले यस्ता घटनाले स्वतन्त्र न्यायपालिकाको न्यायसम्पादन कार्यलाई अवरूद्ध गर्ने हुँदा यस्ता कार्य अदालतको अपहेलनाजन्य कार्यसमेत भएकाले यसप्रति सबैपक्ष संवेदनशील हुन आवश्यक रहेको जनाएको छ।

## कास्कीको मादी गाँउपालिकामा नागीधार महोत्सव शुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ४ माघ

कास्कीको मादी गाउँपालिका वडा नम्बर ८ नागीधार गाउँमा शुक्रबार देखि नागीधार महोत्सव शुरु भएको छ। महोत्सव माघ ६ गते सम्म चल्ने छ।




महोत्वको उद्घाटन अघि विभिन्न गुरुङ समुदायको कृष्ण चरित्र नाच, व्राह्मण समुदायको भजन टुक्कालागयतको सांस्कृतिक झाकि सहितको ऱ्याली निकालिएको थियो। महोत्सवको उद्घाटन गर्दै गण्डकी प्रदेशका आर्थिक मामिला मन्त्री डा. टकराज गुरुङले पर्यटन प्रवर्द्धन गर्नका लागि महोत्सव कोषेढुंगा सावित हुने बताए।

'शहर केन्द्रीत महोत्सव धेरै हुने गरेका छन् तर तपाइहरुले आफ्नो गाँउको प्रचार प्रसार गर्नका लागि थालेको यो प्रयास महत्पूर्ण छ' उनले भने, 'पक्कै पनि यो महोत्सव यो क्षेत्रको पर्यटन र खेल क्षेत्रको प्रवर्द्धनमा कोषेढुंगा सावित हुने मेरो विश्वास छ।'

उनले थुम्सीकोट देखि गहते मिजुरे पाखुरीकोट नागीधार पोसी सम्मको सडक स्तरोन्नतीकालागि पहल गर्ने प्रतिवद्धता व्यक्त गरे।

महोत्सवकै अवसरमा खेलमैदान परिसरमा समाजसेवी लक्ष्मी गुरुङद्वारा निर्माण गरिएको प्रतिक्षालय तथा समाजसेवी सर बहादुर गुरुङ, नर बहादुर गुरुङ कृष्ण प्रसाद गुरुङको परिवारद्वारा निर्माण गरिएको खानेपानी धारा र चौताराको परिवारका सदस्य र कार्यक्रमका प्रमुख अतिथि गुरुङले संयुक्त रुपमा उद्घाटन गरे। महोत्सवमा खुल्ला सेभेन ए साइड पुरुष फूटबल तर्फ कास्की लम्जुङका गरी २८ टिमको सहभागिता रहेको खेल संयोजक तथा नागीधार सिर्जनशील युवा क्लबका अध्यक्ष विशाल घलेले जानकारी दिए। शुक्रबार भएको पहिलो खेलमा नागीधार एफसीले वालुवा एफसीलाई २-० ले पराजित गर्दा वद्रर एफसीले पोसी एफसीलाई ६-० ले पराजित गऱ्यो। यसैगरी पाखुरीकोट एफसीले मुग्री एफसीलाई ४-० ले पराजित गर्दा कुम्लुङ एफसीले थुम्सीकोट एफसीलाई टाइवेकरमा ३-२ ले पराजित गरेको गऱ्यो। नागीधार गाउँ तथा त्यस आसपास क्षेत्रको पर्यटन, खेलकुद, संस्कृति संरक्षण तथा प्रवर्द्धन, मनोरन्जन साथै प्रचारप्रसार गर्ने उद्देश्यले महोत्सवको आयोजना गरिएको हो। नागीधार गाउँको सर्वाङ्गण विकासमा क्रियाशील सामाजिक संस्थाहरु नागीधार सिर्जनशील युवा क्लब, सबुदुम्हर्सो तमु समाज नागीधार र नेदा तमु सेवा समिति पोखरा लगायत संस्थाहरुको संयुक्त आयोजना तथा नागीधार टोल विकास संस्था, नागीधार विश्वकर्मा एकता समाज, सोंथर बैंसी विकास समिति लगायत संस्थाहरुको सहयोग तथा प्रवर्द्धनमा महोत्सव आयोजना गरिएको हो। महोत्सवमा खुल्ला सेभेन ए साइड पुरुष फूटबल, खुल्ला पुरुष छेलो फाल्ने, पुरुष तथा महिला रसी तान्ने रहेका छन् भने सांस्कृतिक कार्यक्रमहरु तर्फ खुल्ला सामूहिक नृत्य प्रतियोगिता, स्थानीय गाउँहरुको आमा समूह नाच, युवा क्लबको ठेटार नाच, घाँटु नाच, कृष्ण चरित्र नाच, चर्चित गायक गायिकाहरुको प्रस्तुति सांस्कृतिक झाँकीहरु लगायत प्रस्तुति रहने छ। त्यस्तै शैक्षिक कार्यक्रमहरु तर्फ कक्षा १ देखि ३ सम्मका विधार्थीहरुका लागि खुल्ला श्रुती लेखन प्रतियोगिता, कक्षा ४ देखि ८ सम्मका विधार्थीहरुका लागि मादी - ८ को समृद्धि र पर्यटन प्रवर्द्धनका लागि सम्भावनाहरु के के हुन सक्छन् भन्ने शीर्षकमा खुल्ला वक्तित्वकला प्रतियोगिता रहेको छ। महोत्सवमा नेपाली काँग्रेस कास्कीका सभापति किशोरदत्त बराल, महासमिति सदस्य दिपक गुरुङ, वडा नं. ८ का वडा अध्यक्ष प्रेमबहादुर गुरुङ, पूर्व वडा अध्यक्ष याम गुरुङ, महिला नेत्री तीर्थकुमार गुरुङले बोलेका थिए। संयुत्त मुल आयोजक समितिको संयोजक ओम प्रकाश गुरुङको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सदस्य कैलाश गुरुङले गरेका थिए। उक्त अवसरमा स्थानिय नागीधार आम समूह र प्रभात आधारभूत विद्यालयका विद्यार्थीले स्वागत गरेका थिए।



का.जि.द.नं. ५६/०५६ हु.नि.पो.द.नं. ०१/०७९/०८०



# सङ्कटमा माटाका भाँडा बनाउने पेसा

**पोखरापत्र संवाददाता**
पोखरा, ४ माघ

कुमाल जाति पहिचानसँग जोडिएको छ माटाकै भाँडा बनाउने पेसा । पहिचान मात्रै होइन कुनै बेला यो पेसा जीविकोपार्जनको बलियो आधार पनि थियो । अचेल भने न कुमालेको पहिचान यसैमा सीमित छ न त यही पेसाबाट जीविकोपार्जन गर्ने अवस्था छ । आधुनिकताको प्रभावका कारण आफ्नो पेसा सङ्कटमा पर्न थालेको गुनासो बढ्न थालेको छ ।

दैनिकजसो कारोबार गर्ने अवस्था नभए पनि केही वर्षअघिसम्म मेला महोत्सवमा भने यी भाडाँप्रति गज्जबको आकर्षण देखिन्थ्यो । अचेल भने मेला महोत्सवमा पनि माटाका भाँडावर्तन देखिँदैनन् । पोखराको प्राचीन मेला ढुङ्गेसाँघुमा पनि यसपालि यस्ता भाँडाकुँडा देखिएनन् । कुनै बेला माघेसङ्क्रान्तिको अघिल्लो दिन डोका भरी माटाका भाँडा बोकेर मेलाको नजिक बास बस्न आउने कुमालेहरूको भीड नै देखिन्थ्यो । बजारभरि माटाका सामान देखिन्थे । स्थानीय ९६ वर्षीय चन्द्रकान्त भण्डारी यसपालि ढुङ्गेसाँघु मेलामा माटाका भाँडा नदेखिएको बताउनुहुन्छ । उहाँका अनुसार बजारमा नपाइए पनि माटाका सामान चाहनेहरूले वर्ष दिनमा लाग्ने ढुङ्गेसाँघुको मेलामा भने अवश्य पाउँथे । भण्डारीले यस्तै मेलामा किनेको हाँडीमा भुटेको मकैको स्वाद



अहिले पनि बिर्सिनुभएको छैन । "हाँडीमा भुटेको मकैमात्र होइन, गर्मीयाममा माटाको घैँटोमा राखेको चिसो पानी खाँदा शरीर नै शीतल हुने गर्थ्यो । कास्कीको पोल्याङटार, भण्डारढिक, रिठ्ठेपानीलगायत विभिन्न स्थानमा रहेका कुमालगाउँमा बनाइने यस्ता सामान सजिलै पाइथे । आजभोलि भने समस्या छ", उहाँले भन्नुभयो । माटाका परम्परागत सामग्री हाँडी, घैँटो, पाला, चिलिम, खुत्रुके, गमलालगायत सामानको विकल्पमा प्लाष्टिक र स्टिलका भाँडाको प्रयोग बढ्दै गएपछि कुमालको पेसा लोप हुने अवस्था आएको हो । हिन्दू धर्मावलम्बीको मृत्यु संस्कारमा आवश्यक पर्ने हाँडी, विभिन्न पूजापाठमा आवश्यक पर्ने पालालगायत माटाका भाँडा पाउन कठिन बन्दै गएको बताउँदै ज्येष्ठ नागरिक भण्डारीले भन्नुभयो, "प्लाष्टिक, स्टिल र फलामका सामानको प्रयोग बढेको छ । सेती नदीमाथि ढुङ्गा र माटोबाट बनेको प्राकृतिक पुल ढुङ्गेसाँघुमा दुई सय वर्षभन्दा अघिदेखि मेला लाग्दै आएको किंवदन्ती छ । सोही अवधिदेखि मेलामा निरन्तर माटाका भाँडाको राम्रो व्यापार हुने गरेको थियो । अचेल भने त्यहाँ पनि यस्ता भाँडाकुँडा देखिन छाडेका छन् ।" मेला व्यवस्थापन समितिका संयोजक एवं सदाशिव हरिहर सिद्धेश्वर मन्दिर व्यवस्थापन समितिका अध्यक्ष नरेन्द्र शर्मा भण्डारीका अनुसार विगतका वर्षमा व्यापारीहरू आउने गरे पनि यसवर्ष बजारमा माटाका भाँडा देखिएनन् । वर्षौंदेखि गर्दै आएको पेसा सङ्कटमा पर्न थालेपछि कतिपय कुमाल समुदायका युवा विदेशिने र माटाका भाँडा बनाउने सीप भएका अग्रजहरू अन्य काम गर्न बाध्य भएको जिल्ला समन्वय समिति कास्कीका उपप्रमुख सरिता कुमाल बताउनुहुन्छ । उहाँले यो पेसा संरक्षणका लागि सरकारी तवरबाट पहल नहुँदा सामग्री उत्पादन भए पनि बजार अभावका कारण समस्या भएको बताउनुभयो । "सुपथ मूल्य र प्लाष्टिकका सामग्री गाउँगाउँमा पुग्न थालेपछि कुमाल जातिको पेसा लोप हुने अवस्थामा पुगेको छ", उपप्रमुख कुमालले भन्नुभयो,"प्लाष्टिक र स्टिलका समानको तुलनामा बढी मूल्य पर्ने र फुटेपछि पुनःप्रयोग नहुने भए पनि स्वास्थ्यका लागि लाभदायक मानिने माटोका भाँडा उत्पादन र प्रयोगको वातावरण बनाउन तीनै तहका सहकार जिम्मेवार बन्नुपर्छ ।" गण्डकी प्रदेश सरकारले स्थानीय समुदायको जीविकोपार्जनमा सहयोग पुऱ्याउने उद्देश्यले यो पेसा संरक्षणका लागि काम नगरेको होइन । गोर्खाको सिरानचोक गाउँपालिका वडा नं ४ स्थित छाप्राकको कुमाल बस्तीमा रु ६५ लाखको लागतमा सामूहिक माटाका भाँडा बनाउने कार्यक्रम सञ्चालन भइरहेको छ । यसलाई अन्य ठाउँमा पनि विस्तार गर्न आवश्यक रहेको स्थानीय तोपबहादुर कुमालको भनाइ छ । "सरकारले तालिमसहित माटो मुछ्ने मेसिन उपलव्ध गराएको छ । हाल माटोका गमला बनाएर बिक्री गर्दै आएका छौँ । हाँडी र घैँटोको माग अत्यधिक आए पनि तालिमको अभावमा उत्पादन गर्न सकिएको छैन । यसमा पनि ध्यान दिन आवश्यक छ", उहाँले भन्नुभयो । पोखरा महानगरपालिका-१७ महतगौडा सीतापाइलास्थित हरिहर मन्दिर परिसरमा प्रत्येक वर्ष माघेसङ्क्रान्तिका दिन ढुङ्गेसाँघु मेला लाग्दै छ । यस वर्ष मेलामा एक सय ३० वटा स्टल राखिए पनि माटाका भाँडाका स्टल भने एउटा पनि थिएन ।

# टाइगर कप भलिबल माघ दोस्रो सातादेखि

**पोखरापत्र संवाददाता**
पोखरा, ४ माघ

'टाइगर ग्रुप अफ पोखरा नेपाल'को आयोजनामा पाँचौं संस्करणको टाइगर कप भलिबल प्रतियोगिता माघ दोस्रो सातादेखि सञ्चालन हुने भएको छ । उक्त प्रतियोगिता यही माघ १२ देखि १९ गतेसम्म सञ्चालन हुने छ ।

प्रतियोगितामा महिला र पुरुष गरी कूल १२ टोलीको सहभागिता रहने आज यहाँ आयोजित पत्रकार सम्मेलनमा आयोजक संस्थाका अध्यक्ष नारायणप्रसाद शर्माले जानकारी दिनुभयो । उहाँका अनुसार पुरुष र महिलातर्फ एक एक विदेशी टोली समेत सहभागी हुनेछन् ।

प्रतियोगितामा पुरुषतर्फ टिपटप हेल्प नेपाल स्पोर्टस् क्बल, गण्डकी प्रदेश भलिबल सङ्घ, त्रिभुवन आर्मी क्लब, नेपाल पुसिल क्लब र नेपाल एपिएफ क्बल सहभागी हुनेछन् । विदेशी टोलीमा भारतको कुरुक्षेत्रको सुनील भलिबल क्लब अमीन रहेको छ ।

त्यसैगरी महिलातर्फ नेपाल एपिएफ क्लब, टिपटप न्यू डायमण्ड युथ स्पोर्टस क्लब, त्रिभुवन आर्मी क्लब र टाइगर ग्रुप अफ पोखरा रहेका छन् । महिलातर्फ विदेशी टोली थाइल्याण्डको ट्राभल इन्क्वारी युनाइटेट प्यासन भलिबल क्लब सहभागी हुने आयोजकले जनाएको छ । प्रतियोगितामा पुरुष र महिलातर्फका दुवै विजेता टोलीले रु पाँच लाख ८५ हजार पाँच सय ५५ पुरस्कार पाउनेछन् भने उपविजेताले रु दुई लाख ८५ हजार पाँच सय ५५ पाउनेछन् । प्रतियोगितामा तेस्रो स्थान हासिल गर्ने टोलीले रु एक लाख ८५ हजार पाँच सय ५५ पुरस्कार पाउनेछ । प्रतियोगिताका सर्वोत्कृष्ट पुरुष र महिला खेलाडीले जनही रु २५ हजार सात सय ७७ पाउनेछन् ।

त्यसैगरी उत्कृष्ट सर्भर, उत्कृष्ट सेटर, उत्कृष्ट ब्लकर, उत्कृष्ट लिब्रो, उत्कृष्ट स्पाइकर र उत्कृष्ट प्रशिक्षक (पुरुष/महिला)ले जनही रु १० हजार पाँच सय ५५ पुरस्कार पाउनेछन् । उक्त प्रतियोगिताको खेल भने पोखरामा हुनेछ ।

# पोखरा महोत्सवमा दर्शकको भीड

**पोखरापत्र संवाददाता**
पोखरा, ४ माघ

पोखराको अमरसिंह चौरमा जारी पोखरा महोत्सवमा दर्शकको भीड लागेको छ । गत पुष २५ देखि जारी १३ औं संस्करणको पोखरा महोत्सवको नवौं दिन सम्म आइपुग्दा दर्शकको भीड वढ्दै गएको आयोजक युनाईटेड क्लबका महासचिव तथा महोत्सव प्रचार प्रसार संयोजक दिनेश सुनारले जानकारी दिए ।

सुनारका अनुसार महोत्सव समापन तिर आइपुग्दा पोखरा महोत्सवमा दर्शकहरुको भीढ बढ्दै गएको हो । महोत्सवमा दर्शकको उपस्थिती संगै महोत्सवमा राखिएको स्टलहरुमा समेत ब्यापार वढ्दै गएको महोत्सवका अर्थ तथा स्टल ब्यवस्थापन समिति संयोजक जयराम आचार्यले जानकारी दिए । आचार्यका अनुसार महोत्सवमा विशेष गरी घरायसी सामाग्री, कृषि र जाडो यामका लत्ता कपडा किन्नेको भीड लागेको छ । महोत्सवमा शुक्रबार चर्चित दोहोरी गायक श्याम राना मगरको प्रस्तुतीमा




दर्शकहरुले भरपुर मनोरन्जन लिए । श्याम राना संगै शुक्रबार महोत्सवमा प्रजापति पराजुली, चोलेन्द्र पौडेल, सरला पाण्डे, इब्सल सन्ज्याल, कृष्ण सुवेदी, तुलसा क्षेत्री, जगत गौडेल, मधु थापा मगरको लोक दोहोरी प्रस्तुतीमा दर्शकहरुले मनोरन्जन लिए ।

त्यसैगरी हाँस्य ब्यंग्य तर्फ पुर्खे बाको प्रस्तुतीमा दर्शकहरुले भरपुर मनोरन्जन लिएका थिएभने सांझको लाईभ कन्सर्ट तर्फ रक हेड्सको प्रस्तुतीमा युवाहरुले भरपुर मनोरन्जन लिएका थिए । महोत्सवमा आयोजित विद्यालय स्तरीय सामुहिक लोकनृत्य प्रतियोगितामा बेसलाइन एकेडेमी फाइनलमा प्रवेश गरेको छ । बेसलाइन, अमरसिंह माबि, ज्ञानगंगा र पोखरा युनाईटेड एकेडेमी बिचको प्रतिस्पर्धामा बेसलाइन एकेडेमी फाइनलमा प्रवेश गरेको हो ।

महोत्सवको दशौं दिन लोकदोहोरी तर्फ शान्तारानी परियार, प्रजापति पराजुली, चालेन्द्र पौडेल, राजन कार्की, तुलसा क्षेत्री, शिवहरी ढुंगाना, माया गुरुङ, बत्ती थापा मगर लगायतको प्रस्तुती रहने महोत्सवका कलाकार ब्यवस्थापन उपसमिति संयोजक गणेश तिमिल्सिनाले जानकारी दिए । तिमिल्सनाका अनुसार सांझको लाइभ कन्सर्टमा युवाहरु माझ चर्चित भीटेनको प्रस्तुती रहने छ ।

# नेकपा एमाले पोखरा १९ मा कोमल

**पोखरापत्र संवाददाता**
पोखरा, ४ माघ

नेकपा एमाले वडा कमिटी पोखरा १९ को सम्पन्न वडा अधिवेशनले कोमल प्रसाद बास्तोलाको अध्यक्षतामा वडा कमिटी चयन गरेको छ ।

अधिवेशन भएको करिव एक महिना पछि कमिटीले नेतृत्व पाएको हो । एक महिनासम्म भएको सर्वसम्मतको प्रयास असफल भएपछि सम्पन्न निर्वाचनवाट पदाधिकारी टुङ्गो लगाईएको हो । अध्यक्षमा अर्का प्रत्यासी विकास गौतमलाई २३ मतको अन्तरले पराजित गर्दै बास्तोला निर्वाचित भए । बास्तोलाले १सय ५२ मत ल्याउँदा गौतमले १ सय २९ मत प्राप्त



गरे । उपाध्यक्षमा दुर्गादेवी गौतम वस्नेतलाई हराउँदै, गीता भट्टराई भण्डारी विजयी भईन् । भण्डारीले १ सय ५२ मत र गौतमले ९४ मत मात्र प्राप्त गरिन् । सचिवमा हरि वहादुर वरुवाललाई हराउँदै विकास कुमार आचार्य निर्वाचित भए । वरुवालले १ सय १७ मत र आचार्यले १सय ६२ मत प्राप्त गरे । त्यस्तै दुई उपसचिवका लागि ३ जनाको उमेद्वारी परेकोमा नवराज केसी १ सय ८९ मत, राजकुमार गहतराज १सय ७१ मत ल्याई विजयी भए भने अर्का प्रत्यासी राज वहादुर भण्डारीले १ सय ४७ मत प्राप्त गरे । ५१ सदस्यीय कमिटी बनाउन सक्ने प्रावधान भए पनि ३१ सदस्यीय कमिटी वनाउने तयारी निर्वाचित समितिले गरेको छ ।सचिवमा निर्वाचित आचार्य, उपाध्यक्षमा पराजित गौतम र उपसचिवमा निर्वाचित केसी जनप्रतिनिधी पनि हुन् । ३ सय ८० मतदाता रहेकोमा २ सय ८४ मत मात्रै खसेको बताईएको छ ।

वडा कमिटीसम्मै गुटगत प्रवृति भित्रिएको भन्दै अधिंकाश कार्यकर्ताले असन्तुष्टि जनाएका छन् । उनीहरुले केन्द्रमा देखिएको प्रवृति वडा र टोल कमिटीसम्म आउनुले पार्टी थप कमजोर बन्नेमा चिन्ता व्यक्त गरेका हुन् ।अधिवेशनको उद्घाटन गत पुस १३ गते एमाले नेता एवं पुर्व मन्त्री जगत विश्वकर्माले गरेका थिए ।


# तेस्रो हिसान गण्डकी प्रदेश स्तरीय फुटसल प्रतियोगिताको कास्की छनौट माघ तेस्रो साता

**पोखरापत्र संवाददाता**
पोखरा, ४ माघ

उच्च शिक्षालय तथा माध्यमिक शिक्षालय संघ (हिसान) गण्डकीको आयोजनामा हुने तेस्रो प्रदेशस्तरीय हिसान प्लस टु फुटसल प्रतियोगिताको कास्की छनौट खेल माघ तेस्रो साता हुने भएको छ ।

गण्डकी प्रदेश स्तरीय प्रतियोगिताका लागि कास्की छनौट प्रतियोगिता माघ १६ देखी १९ गते सम्म हुने आयोजकले जनाएको छ । प्रतियोगितामा कास्कीबाट १२ टिम छनौट हुने छन् । प्रतियोगितामा हिसानमा आवद्ध विद्यालयहरुलाई सहभागीताका लागि हिसानले गण्डकीले अनुरोध गरेको छ । हिसान गण्डकीको सदस्य विद्यालय बिच हुने प्रतियोगितामा कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीहरुले सहभागीता जनाउन पाउने छन् ।

कास्कीबाट १२ र प्रदेशका अन्य जिल्लाबाट ४ गरी १६ टिमले उपाधिका लागि प्रतिस्पर्धा गर्ने प्रतियोगिताको व्यवस्थापन गरीरहेको सबिन मेमोरीयल फुटबल क्बलका अध्यक्ष सञ्जय लिगले बताए । प्रतियोगिताको विजेताले नगद १ लाख, मेडल, ट्रफि र उपविजेताले नगद ५० हजार, मेडल र ट्रफि प्राप्त गर्ने प्रतियोगिताका संयोजक सन्तोष पराजुलीले बताए । कास्की छनौटबाट छानिएका १२ टिमले प्रदेश स्तरीय प्रतियोगितामा भाग लिन पाउने छन् । प्रयितोगितामा एउटा विद्यालयबाट २ टिमले सहभागीता जनाउन पाउने उनले बताए । उनले कास्की छनौट पोखरा ४ गैरापाटनमा रहेको वि-फिट फुटसलमा हुने बताए । त्यसै गरी प्रदेश स्तरीय प्रतियोगिता भने पोखरा रंगशालामा रहेको मल्टिपल हलमा हुने उनको भनाई छ । सविन मेमोरियल क्बल राष्ट्रिय फुटसल लिगको ए डिभिजन क्लब हो । हिसान फुटसल प्रतियोगिताले नयाँ खेलाडी उत्पादन गर्न सहयोग पुग्ने आयोजको दावी छ । प्रदेशस्तरी प्रतियोगिता माघ अन्तिम साताबाट शुरु हुनेछ ।




**एमपक्स संक्रमणबाट बचौं र बचाऔं**

◆ विदेशबाट आउने जो कोहिमा एमपक्सको सम्भावित जोखिम हुने हुनाले अनिवार्य रुपमा स्वास्थ्य परीक्षण गराऔं,
◆ ज्वरो आउने, टाउको दुख्ने, शरिर सुन्निने, ढाड दुख्ने मांसपेशी दुख्ने एमपक्स रोगका प्रमुख लक्षण हुन्,
◆ त्यस्ता लक्षण देखा परे स्वास्थ्य परीक्षण गराऔं,
◆ एमपक्स अत्यन्तै सङ्क्रामक रोग भएकाले सङ्क्रमण हुनासाथ आइसोलेसनमा बसौं,
◆ घना वस्ती र सहरी क्षेत्रमा यसको सङ्क्रमण छिटो वढ्ने भएकाले सचेतना बढाऊँ ।


नेपाल सरकार
विज्ञापन बोर्ड




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

# न सडक न बत्ती सधैँ अँध्यारो नार्पाभूमिका बस्ती

रासस
मनाङ, ४ माघ



गण्डकी प्रदेश सरकारले उज्यालो प्रदेश र प्रत्येक स्थानीय तहसम्म सडक सञ्जालले जोड्ने लक्ष्य पूरा भएको घोषणा गर्ने अवस्थामा पुगेको छ । तर, प्रदेशकै एकमात्र पालिका हिमाली जिल्ला मनाङको नार्पाभूमि गाउँपालिका भने हालसम्म न सडक सञ्जालले जोडेको छ, न त बिजुली बत्ती नै विस्तार हुनसकेको छ । विद्युत् अभावले यहाँका पालिकाबाट दिइने सेवामा समस्या आउने गरेको छ ।

पालिकासम्म पुग्नै पैदल हिँडेर दुई दिन लाग्छ । बिजुली अभावले सेवा प्रवाहमा समयमा हुनै सक्दैन । सौर्य ऊर्जाको भरमा पालिकाका कार्यालयबाट सेवा प्रवाह गर्दै आए पनि सबैजसो दिन घाम नलाग्दा समयमा काम नै हुन नसक्ने अवस्था रहेको कर्मचारी बताउँछन् ।

स्थानीय सरकारले कार्यालयसम्म सडक सञ्जाल पुऱ्याउने उद्देश्यले वार्षिक रूपमा बजेट छुट्याउँदै आएको गाउँपालिका अध्यक्ष कुञ्जो तेञ्जिङ लामाले बताउनुभयो । उहाँले भन्नुभयो, "पालिकावासीलाई सेवा प्रवाह र यात्रा सहज बनाउने लक्ष्यका साथ सडकलाई बजेट व्यवस्थापन गर्दै आएका छौँ, पालिकाले मात्र सम्भव त छैन, तर कोसिस गरिहेका छौँ ।"

अध्यक्ष लामाले भन्नुभयो, "एकैपटकमा सडक र विद्युत् पुर्याउन सकिने अवस्था त होइन, प्रयास जारी छ ।" सडक र विद्युत्का लागि प्रदेश सरकारसँग समन्वय भइहेको उहाँले बताउनुभयो । देशका प्रत्येक वडा भवनसम्म सडक कालोपत्र गरिसकिएको अवस्था रहे पनि नार्पाभूमि गाउँपालिकामा सडक सञ्जालको ट्र्याक मात्र पनि खोल्न नसक्दा दुःखी भएको उहाँले बताउनुभयो । गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले अन्य वर्षभन्दा यस वर्ष जहाँ सडक र विद्युत् पुगेका छैनन्, प्रदेशको ती स्थान प्राथमिकतामा रहेका बताउनुभयो । उहाँले हालसम्म पालिकामा नै सडक र विद्युत् नपुगेका क्षेत्रमा पुर्याउने लक्ष्यसहित काम अगाडि बढेको बताउनुभयो । मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "प्रदेशका प्रत्येक सडक र विद्युत् नपुगेका क्षेत्र मुख्य प्राथमिकतामा छन्, ती क्षेत्रमा चालु आर्थिक वर्षमा नै केही कामको थालनी हुन्छ, बजेट पूर्ति गर्न नसक्ने अवस्थामा सङ्घ सरकारसँग पहल गरेर भए पनि सडक र विद्युत् पुऱ्याउने लक्ष्यमा छौँ ।" चालु आर्थिक वर्षमा सडक सञ्जाल पुऱ्याउन सम्भव छैन । प्रदेश सरकारले सडक र बत्तीका लागि योजना निर्माण गरेअनुरूप नै काम हुनसके नार्पाभूमिवासीले सहज यात्रा र बिजुली बत्ती पाउने आशा जगाउनेछ । यसले नार्पाभूमिवासीलाई हर्षित त बनाउनेछ । तर, कति समय लाग्ने भन्ने पक्कापक्की भने छैन ।

प्रदेश नीति तथा योजना आयोग गण्डकी प्रदेशका उपाध्यक्ष डा कृष्णचन्द्र देवकोटाले नार्पाभूमिमा सडक सञ्जालले जोड्नका लागि ट्र्याक मात्र खोल्न अनुमानित रू एक अर्ब बढी लाग्ने बताउनुभयो । उहाँले भन्नुभयो, "प्रदेश सरकार टनेल बनाएर अगाडि बढे पनि बजेट पुर्याउन सकिने अवस्था छैन, चालु आवमा योजना निर्माण गरी कार्यान्वयनको पक्षमा छौँ ।" "हाम्रो तथ्याङ्कले पाँच प्रतिशत जनता उज्यालोको पहुँचमा पुग्न नसकेको होइन । सडक सञ्जाल यसै वर्ष पुर्याउन नसकिए पनि बत्ती भने पुर्याउँछौँ, कहीँ सौर्य ऊर्जा, कहीँ विद्युत् पुर्याउने लक्ष्य हो, सोहीअनुसार बत्ती चालु आवमा पुर्याउनेछौँ", डा देवकोटाले भन्नुभयो । यस पालिकाका कर्मचारी सामान्य सेवा प्रवाहमा सकस भएपछि पालिकाको सेवा नै सदरमुकाम केन्द्रित भएर दिनुपर्ने अवस्था रहेको बताउँछन् । कार्यालयबाट सेवा प्रवाहमा सकस हुँदा स्थानीयवासीले सेवा लिन दूरदराजमा पुनुपर्ने अवस्था अझै कायम रहेको स्थानीय मिङ्मार फुन्चो लामा बताउनुहुन्छ ।

उहाँ भन्नुहुन्छ, "स्थानीय सरकार आए पनि हामीले अनुभव गर्न पाएका छैनौँ, पालिका अध्यक्षलगायत यहाँका नेतृत्वले नगरेका होइनन्, तर एक्लै गर्न सम्भव छैन, यसले अझै कति वर्ष पछि पर्छौं भन्ने हो, यसतर्फ प्रदेश र सङ्घ सरकारले पनि चासो दिनुपर्छ ।" मनाङ पर्यटकीय हब पनि हो । यहाँ भ्रमणका लागि आउने पर्यटक र स्थानीयवासीले उत्पादन गरेका खाद्यान्नले मात्र पुग्दैन । खाद्यान्न तथा विकास निर्माणका सामग्री ढुवानीका निम्ति सडक सञ्जाल सहज नहुँदा समस्या छ । ज्यान जोखिममा राखेर सामग्री ढुवानी गर्नुपर्ने अवस्था छ । जोखिम सूचीकृत क्षेत्र भएकाले यहाँ आउने पर्यटक बिरामी परेमा अझ समस्या पर्ने गरेको छ । यहाँ आएका पर्यटक तथा स्थानीयवासी बिरामी भएमा सडक सञ्जाल नहुँदा स्थलमार्ग उपयोग गर्न सक्ने अवस्था हुँदैन । महँगो मूल्यमा हेलिकप्टर नै चार्टर गर्नुपर्ने हुन्छ । बिरामीलाई स्वास्थ्यको पहुँचमा पुर्याउनसमेत सहज छैन ।

# दोस्रो यामबहादुर स्मृति फुटसल माघ ११ मा

पोखरापत्र संवाददाता
पोखरा, ४ माघ



खेलकुद विकास मञ्च पोखराको आयोजनामा दोस्रो संस्करणको एमेचर फुटसल प्रतियोगिता हुने भएको छ ।

'स्वास्थ्यका लागि खेलकुद राष्ट्रको लागि खेलकुद, सम्बन्धको लागि खेलकुद' भन्ने मुल नाराका साथ मञ्चले दोस्रो संस्करणको 'याम (राम) बहादुर थापा स्मृति दोस्रो ६ ए साइड एमेचर फुटसल प्रतियोगिताको आयोजना हुन लागेको हो । पोखरा महानगरपालिका वडा नम्बर १८ बाट प्रतिभावान खेलाडीहरुको विकास गर्ने मञ्चको उदेश्य रहेको छ ।

पैयुम स्पोर्ट्स सेन्टर हस्पिटलचोकमा माघ ११ र १२ गते हुने प्रतियोगितामा ३० भन्दा बढी टिमको सहभागिता हुने मञ्चका अध्यक्ष विक्रम थापा (म्याक्सवेल) ले जानकारी दिए । उनका अनुसार प्रतियोगिताको विजेतालाई नगद ६० हजार रुपैयाँको साथमा शिल्ड मेडल र प्रमाणपत्र प्रदान गरिनेछ ।

दोस्रो हुने टिमलाई ३० हजार रुपैयाँको साथमा शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिने अध्यक्ष थापाले जानकारी दिए । यस्तै उत्कृष्ट खेलाडी, उत्कृष्ट गोलरक्षक र सर्वाधिक गोलकर्तालाई ट्रफी प्रदान गरिनेछ ।

# पोखरा ३३ मा आमा समूह र विद्यालयसँग काँग्रेस

पोखरापत्र संवाददाता
पोखरा, ४ माघ



नेपाली काँग्रेसले पोखरा महानगरपालिका वडा नं ३३ को आप भञ्याङमा शुक्रबार पार्टीको एक सय दिने विशेष अभियान संचालन गरेको छ ।

त्यस क्षेत्रमा रहेको लगनशील आमा समूह र कालिका माविमा पुगेर काँग्रेसले छलफल गरेको छ ।नागरिकका समस्या बुझ्ने, पार्टीबाट गरिएको अपेक्षा बारे जानकारी लिने र सार्वजनिक चासोका विषयमा विशेष प्राथमिकता दिएर अभियान संचालन भैरहेको नेपाली काँग्रेस कास्कीका सहसचिव एवं प्रवक्ता नवीन सिग्देलले जानकारी दिनुभयो ।

अभियानका लागि पोखरा ३३ को प्रतिनिधि समेत रहनु भएका सहसचिव सिग्देलले जनताको आशा, विश्वास, भरोसा र आवश्यकतालाई शिरमा राखेर अघि बढ्ने उल्लेख गर्नुभयो ।

अभियानका क्रममा प्रतिनिधि नेपाली काँग्रेस कास्की क्षेत्र नं ३(क)का सचिव प्रकाशचन्द्र सापकोटा र पोखरा महानगर पालिका वडा नं ३३ का सभापति तिलक अधिकारीले अभियान बारे जानकारी दिनुभएको थियो ।

कार्यक्रममा आमा समूहकी अध्यक्ष लक्ष्मी श्रेष्ठ र विद्यालयका प्रधानाध्यापक रुपेन्द्र प्रभावीले विविध विषय बारे पार्टीको ध्यानाकर्षण गराउनुभएको थियो । अभियान अन्तर्गत पोखरा ३३ को तल्लो पुडीमा आइतबार कार्यक्रम गरिएको थियो ।

# व्यावसायिक बाख्रापालनमा आकर्षित गर्न 'बाख्रा दिवस'

पोखरापत्र संवाददाता
तनहुँ, ४ माघ



किसानलाई व्यावसायिक बाख्रापालनमा आकर्षित गर्ने उद्देश्यले 'पोषिलो आहार, बाख्रापालनमा गुणात्मक सुधार' भन्ने नाराका साथ चौथो राष्ट्रिय बाख्रा दिवस मनाइएको छ ।

नेपाल राष्ट्रिय व्यवसायिक बाख्रापालक महासङ्घ, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र तनहुँ, राष्ट्रिय बाख्रा अनुसन्धान कार्यक्रम बन्दीपुर, भानु नगरपालिका नगरकार्यापालिकाको कार्यालय, पशुपक्षी तथा मत्स्य विकास शाखा फुस्रेटार र बरभञ्ज्याङ बाख्रापालक समूहको आयोजनामा बोका प्रदर्शनीसहित दिवस मनाइएको हो । किसानले पालेका स्थानीय तथा उन्नत जातको बोका प्रदर्शनीमा उत्कृष्टलाई छनोट गरिएको छ । स्थानीय जाततर्फ भानु नगरपालिका-५ का चोबकान्त पोख्रेलको बोका ८६ दशमलव ३१ प्रतिशत अङ्क प्राप्त गरी प्रथम भएको छ । भानु-६ डाँडाचोकका विमला अधिकारीको बोका ८२ दशमलव ७७ प्रतिशत अङ्कसहित द्वितीय, भानु-५ बारीफाँटका रोमन अधिकारीको बोका ८२ दशमलव ५८ प्रतिशत अङ्क प्राप्त गरी तृतीय र भानु-५ बारीफाँटका काजीराम अधिकारीको बोका ७६ दशमलव ६७ प्रतिशतसहित सान्त्वना भएको छ । प्रथम, द्वितीय, तृतीय र सान्त्वनालाई क्रमशः रु १० हजार, रु आठ हजार, रु छ हजार र रु चार हजार नगद पुरस्कार प्रदान गरिएको महासङ्घका केन्द्रीय सदस्य कुशलचन्द्र अधिकारीले जानकारी दिनुभयो ।

उन्नत जाततर्फ भानु-६ बडारेका मानसिंह गुरुङको बोका ८८ दशमलव ८९ प्रतिशत प्राप्त गरी प्रथम, भानु-६ का काजी थापाको बोका ८३ दशमलव ५० प्रतिशतसहित द्वितीय, भानु-१ सिमलटारीका रामबहादुर गुरुङको बोका ८० दशमलव ९३ प्रतिशतसहित तृतीय र भानु-४ गोगनपुरका तिलकुमारी अधिकारीको बोका ८० दशमलव ८९ प्रतिशतसहित सान्त्वना भएको छ । प्रथम, द्वितीय, तृतीय र सान्त्वनालाई क्रमशः रु १० हजार, रु आठ हजार, रु छ हजार र रु चार हजार नगद पुरस्कार प्रदान गरिएको महासङ्घले जनाएको छ ।

जातीय गुण, उमेर, स्वभाव, कद, टाउको, घाँटी, छाती, कम्मर, खुट्टा र खुट्टाको संरचना, शारीरिक अवस्था, मांसपेशीको अवस्था, चालको अवस्था, स्वास्थ्य स्थिति, सरसफाइ, प्रजनन् क्षमतालगायत मापदण्ड निर्धारण गरी अङ्क प्रदान गरिएको महासङ्घका केन्द्रीय सदस्य अधिकारीले जानकारी दिनुभयो । बाख्राको उत्पादन परिकार तथा बाख्राको सुधारिएको मलको प्रदर्शनी गरिएको थियो ।

नेपाल व्यावसायिक बाख्रापालक महासङ्घका केन्द्रीय अध्यक्ष गेविन्द सुवेदीले किसानलाई व्यावसायिक बाख्रापालनतर्फ आकर्षित गर्न र प्रोत्साहनका साथै स्वस्थ र पोसिलो आहारको व्यवस्थापनमा सहयोग पुऱ्याउने उद्देश्यले राष्ट्रिय बाख्रा दिवसमा प्रतियोगिता आयोजना गरिएको बताउनुभयो । "यस प्रदर्शनीपछि यहाँका निर्वाहमुखी बाख्रापालकलाई स्वस्थ र गुणस्तर आहार घरमा व्यवस्थापन गर्न सहयोग पुऱ्याउने अपेक्षा गरेका छौँ", उहाँले भन्नुभयो । निर्वाहमुखी बाख्रापालनलाई सुधार गरी गुणात्मक तथा व्यावसायिकतातर्फ प्रेरित गर्न पनि यो प्रदर्शनीले सहयोग पुग्ने उहाँको भनाइ छ ।

राष्ट्रिय बाख्रा अनुसन्धान कार्यक्रम बन्दीपुरका प्रमुख राजु खड्काले बाख्रापालन गर्ने किसानको सङ्ख्या पछिल्लो समय बढ्दै गएकाले किसानलाई प्रोत्साहन गर्न प्रदर्शनी आयोजना गरिएको बताउनुभयो । बाख्रापालन गर्नेको सङ्ख्या बढेअनुरुप तिनको स्याहार, गुणस्तरीय उत्पादन, स्वस्थ र पोसिलो आहारसहित बाख्रापालन सेपालाई मर्यादित र व्यावसायिक बनाउन सहयोग पुग्ने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : आर्थिक समस्या |
| वृष | : स्वास्थ्यमा सुधार | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : कार्यमा सफलता | धनु | : मानसिक तनाब |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : व्यापारमा लाभ |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : शत्रुको भय |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : झमेला बढ्ने |

हरिसिद्धि भविष्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# सेफ जोन सेक्युरिटीको वार्षिकोत्सव

पोखरापत्र संवाददाता
पोखरा, ४ माघ




पोखरा महानगरपालिकाको वडानम्बर २० भलाममा संचालित सेफ जोन सेक्युरिटी प्रालिले आफ्नो प्रथम वार्षिकोत्साव आज मनाएको छ ।

बिबिध कार्यक्रमहरु गरेर मनाइएको उक्त वार्षिकोत्सव समारोहमा प्रालिका प्रबन्ध निर्देशक गणेश बहादुर बस्नेतले कम्पनी संचालनमा स्थापानाकालदेखि हालसम्म महत्वपूर्ण भूमिका खेल्ने संचालक एबम कर्मचारीहरुलाई सम्मान गरेका थिए ।

सम्मानित हुनेहरुमा संस्थाका संरक्षक उदय वहादुर खत्री, हाल बेलायतमा रहनु भएकी अभिभावक शिक्षा श्रेष्ठ रहेका छन्। त्यस्तै कर्मचारीहरुमा उत्कृष्ट इन्चार्ज ममता विक, उत्कृष्ट सुपरभाइजर हेमबहादुर बस्नेत, अनुशासनमा मायाकुमारी सुनार तथा उत्कृष्ट कार्य गर्ने कर्मचारीहरुमा तुलबहादुर गुरुङ, शान्ति विक, धनाकुमारी गौचन, कमल नेपाली र नबिन भुजेल पनि शुक्रबार समानित भएका छन् । संस्थाका संरक्षक उदय वहादुर खत्रीको अध्यक्षतामा भएको उक्त समारोहमा प्रबन्ध निर्देशक गणेश बस्नेतले सम्मान पत्र प्रदान गर्नुका साथै मायाको चिनो समेत प्रदान गरेका थिए ।

# एक वर्षभित्र सत प्रतिशत जनतामा खानेपानी पुऱ्याउने लक्ष्य

रासस
काठमाडौं, ४ माघ

खानेपानीमन्त्री प्रदीप यादवले एक वर्षभित्रमा सत प्रतिशत जनतामा आधारभूत खानेपानी पुऱ्याउने लक्ष्य रहेको बताउनुभएको छ ।

शुक्रबार मन्त्रालयमा खानेपानी संस्थानका निमित्त महाप्रबन्धक त्रिदीप श्रेष्ठ लगायतको टोलीसँग छलफल गर्दै मन्त्री यादवले संस्थानले खानेपानीका क्षेत्रमा गरिरहेका कामका विषयमा जानकारी लिनुभएको थियो । उक्त छलफलका क्रममा उहाँले बुटवलवासीलाई शुद्ध खानेपानी उपलब्ध गराउने उद्देश्यले नेपाल खानेपानी संस्थानबाट निर्माण भइरहेको झुम्सा खोला खानेपानी आयोजनाको पछिल्लो प्रगतिबारे जानकारी लिनुभएको मन्त्रालयले जनाएको छ । उहाँले भन्नुभयो, "अहिले हामीले मुलुकमा ९८ प्रतिशत नागरिकलाई आधारभूत खानेपानी सेवा पुऱ्याएका छौँ । एक वर्षभित्रमा सत प्रतिशत जनतामा आधारभूत खानेपानी पुऱ्याउने लक्ष्य छ।" सो छलफलमा मन्त्रालयका सचिव ई प्रमिलादेवी शाक्य, मन्त्रालयका सहसचिव रामबाबु पुरी, रमाकान्त दुवाडी, खानेपानी संस्थानका निमित्त महाप्रबन्धक त्रिदीपकुमार श्रेष्ठ, इञ्जिनियरिङ महाशाखा प्रमुख निरन महर्जन लगायतको सहभागिता रहेको थियो ।

# भल्कोटमा अझै जीवित छ सयौँ वर्ष पुरानो 'पुतली नाच'

**डम्मर बुढामगर**
बागलुङ, ४ माघ/ रासस

निसीखोला गाउँपालिका-६ भल्कोटमा हरेक वर्ष माघ ३ गते पुतली नाच नाच्ने गरिन्छ । बाइसे चौबीसे राजाका पालादेखि नाचिदै आएको पुतली नाचलाई यहाँका स्थानीयले संरक्षण गर्दै आएका छन् । पुतलीजस्तै बनेर नाचिने यो नाच महँगो पनि मानिन्छ । थरिथरि रङका कपडा पहिरिएरका बालकदेखि वृद्धसम्मले पुतली बनेर नाच्छन् । युवा पुस्तामा पुतली नाच संरक्षण गर्ने चासो बढेपछि बर्सेनि नाचको रौनक बढ्दै गएको छ ।

भल्कोटमा मात्र नाच्ने पुतली नाच उत्कृष्ट मौलिक संस्कृतिका रूपमा लिने गरिन्छ । पुतली नाचसँगै यस दिन कापै नाच, तरबार नाच र पट्टा नाच नाच्ने गरिन्छ। युवापुस्ता विदेश पलायन र बजार झर्न थालेपछि लोप हुने अवस्थामा पुगेको पुतली नाच गाउँमा भएका युवाले संरक्षणमा जोड दिएका हुन्। मगर समुदायको पहिचानसँग जोडिएको नाचलाई संरक्षण गर्न स्थानीय सरकारसहित विभिन्न सङ्घसंस्था पनि लागेका छन् ।

नाच संरक्षणका लागि तिलाचन युवा क्लबले अग्रसरता लिएको छ । क्लबले पुराना पुस्ताबाट युवालाई संस्कृति हस्तान्तरण गराउने कार्य गर्दै आएको छ। हरेक वर्ष गाउँमा नयाँ नाच्ने युवा बढिरहेका छन् । सयौँ वर्ष पुरानो मानिने यो नाच कहिलेदेखि सुरू भएको यकीन नभए पनि बाइसे चौबीसे राज्य हुँदादेखि नाच्दै आइएको बूढापाकाको भनाइ छ । बाउबाजेले नाच्दै आएको नाचलाई अहिलेसम्म संरक्षण गर्दै आएको स्थानीय ७७ वर्षीय भाजवीर घर्तीमगरले बताउनुभयो । "पुतली नाच मैले जान्ने हुँदादेखि नै नाच्ने गरिन्थ्यो, अहिले म सात दशक बढी भएँ, नाच्दै आइएको छ, हामी सानोसानो हुँदा बाउबाजे नाच्थे, मैले त्यही देखेर सिकेको", घर्ती मगरले भन्नुभयो, "अहिलेका युवाहरूले पनि सिक्दैछन्, गर्दैछन्, यो संस्कृति कहिलेदेखि सुरू भएको भन्ने थाहा छैन, तर हाम्रा



बाजेहरूले सयौँ वर्ष पुरानो हो भन्ने गर्थे ।"

किन नाचिन्छ पुतली नाच ?

तत्कालीन बाइसे चौबीसे राज्य सञ्चालनका समयमा राजारानीको मृत्यु भएपछि स्थानीयले उनीहरूको स्मृतिमा पुतली नान नाच्न थालेको स्थानीय नैनासिंह बुढामगरले बताउनुभयो। बुढामगरका अनुसार माघ २ गते साँझ राजाको सम्झनामा पुतली बनाउने गरिन्छ । राजा, रानी र धाइमा गरी तीनवटा मूर्तिजस्तो पुतली बनाइन्छ भने माघ ३ गते बालक, युवा र वृद्धहरू पुतलीको पहिरन गरेर बाजाको तालमा नाच्ने गर्छन् । माघ ३ गते भल्कोट गाउँबाट नाच्दै केही माथि पुग्ने र त्यहाँ बन्दुक पट्काउने, पुलतीलाई डोलामा डुलाउने र नाच्ने गरिन्छ। साँझ परेपछि खोलामा सेलाइन्छ । माघ २ गते साँझ पुतली बनाउन सुरू गरेदेखि ३ गते खोलामा लगेर नबगाउँदासम्म स्थानीय युवाहरू डम्फु बजाउने, अश्लिल बोल्ने र कापै खेल्ने गर्छन्। माघ ३ गते बिहानदेखि साँझसम्म भने पुतलीजस्तै बनेका मान्छे नाच्छन् । उनीहरूले शरीरमा विभिन्न थरिका कपडा पहिरिएका हुन्छन् । पुतलीजस्तै बनेका उनीहरू दिनभर नाच्छन्। जसलाई स्थानीयले 'पुतली नाच' भन्छन्।

भालुको पित्त देगाउने अचम्मको प्रचलन

पुतली नाचसँगै माघ ३ गते भालुको पित्त देगाउने गरिन्छ । दिनभरि पुतलीजस्तै बनेर नाच्ने मानिसको बीचमा कापै खेल्ने १०-१२ जना युवाको टोली हुन्छ । उनीहरूले डम्फु, घाँडोलगायत थोत्रा भाँडा बजाउने गर्छन् । पुराना थाङ्ना कपडा र मुखमा मुखुण्डो लगाएका हुन्छन् भने केहीले अनुहार देखाएका हुन्छन् ।

उनीहरूमध्ये एक जनालाई पुरानो घुम (भेडाको रौँबाट बनेको कपडा) फेरेर चिन्दै नचिनिने बनाइएको हुन्छ । त्यसलाई उनीहरूले भालु भन्छन् । कापै खेल्नेहरूले त्यस भालुको यौनाङ्गमा खरानी र धुलो हाल्ने गर्छन् भने बेलाबेलामा उत्तानो पारेर देखाइ दिनेसमेत गर्छन् । त्यसरी यौनाङ्गा देखाउनेलाई स्थानीयले 'भालुको पित्त' भन्ने गरेका छन् ।

देख्दा अस्वाभाविकजस्तो लागे पनि यो वर्षौंदेखि गरिँदै आएको प्रचलन हो । कापै खेल्नेहरूले होरे कापे होरे, देवी हाँस्दैनन्, उँभोबाट हात्ती आयो भेल लाएर... लगायत सुन्न पनि अत्यतै असहज लाग्ने शब्द प्रयोग गर्ने गर्दछन् । यसरी अश्लिल शब्द बोल्दा देवीदेवता खुसी हुन्छन् भन्ने मान्यता रहेको स्थानीय ६६ वर्षीय मनबहादुर घर्तीमगरले बताउनुभयो ।

"यस्तो खालको संस्कृति देख्दा बाहिरबाट आउने मान्छेलाई नराम्रो लाग्छ होला तर यो ठाउँमा धेरै वर्ष पहिलेदेखि नै भालुको पित्त देखाउने गरिन्छ, अन्य समयमा यस्तो हुँदैन, जुन दिन पुतली नाचिन्छ, त्यही भालुको पित्त देखाउने गरिन्छ", घर्ती मगरले भन्नुभयो, "पहिले त अझै बढी चल्थ्यो, तर अहिले विस्तारै कम हुँदै गएको छ, भालु बनाएर यौनाङ्ग देखाउने मानिसको पहिचान खुलाउनु हुँदैन ।"

सेनाको तालिम 'पट्टा नाच'

पुतली नाचसँगै माघ ३ गते नै पट्टा नाच नाच्ने गरिन्छ । हातमा भाला तथा तरबार लिएर पुतली नाच्ने व्यक्तिहरू नै यो पट्टा नाच नाच्ने गर्छन् । तत्कालीन राजाका सिपाहीहरूले गर्ने तालिमलाई अहिले पट्टा नाच भन्ने गरिएको निसीखोला गाउँपालिका-६ का अध्यक्ष हेमबहादुर बुढामगरले जानकारी दिनुभयो । उहाँका अनुसार पट्टा नाच्दा दुईतर्फ तरबार र ढाल राख्ने गरिन्छ र दुई जनाले त्यसलाई नचाउने गर्दछन् । तरबार नचाउँदा दुवैले एकअर्कालाई मार्न र आफू बच्न खोज्छन् । पुतली नाच्ने र तरबार नचाउने उनीहरू आफैँ गर्दछन् । पहिले पुराना ढाल तरबारको प्रयोग हुने गरेकामा पछिल्लो समय काठलाई पट्टा बनाएर नाच्ने गरेको उहाँको भनाइ छ ।

संरक्षणमा गाउँपालिकाको चासो

स्थानीय सरकार आएपछि बढी पुतली नाच चर्चामा आउन थालेको छ । प्रचारप्रसारका कारण पश्चिम बागलुङ यो नाच निकै लोकप्रिय बन्दै गएको छ। पाँच वर्ष अगाडिको तुलनामा नाच हेर्न आउने दर्शक पनि बढेका छन् । नाच हेर्नका लागि बागलुङका निसीखोलासहित तमानखोला, ढोरपाटन तथा गुल्मी, प्युठान, रोल्पा र रूकुमबाट हजारौँ दर्शक आउने गरेका छन् ।

मगर समुदायको पहिचानसँग जोडिएको पुतली नाच मौलिक संस्कृति भएको हुँदा पालिकाले बर्सेनि बजेट व्यवस्थापन गरेर व्यवस्थित गर्दै गएको निसीखोला गाउँपालिकाका अध्यक्ष सूर्यबहादुर घर्तीमगरले बताउनुभयो । गाउँपालिकाले पाका पुस्ताबाट युवा पुस्तामा कला र संस्कृति हस्तान्तरण गर्नका लागि प्रशिक्षणलगायत काम गर्ने गरेको उहाँको भनाइ छ । "यस खालको नाच सायद नेपालमै छैन होला, हामी कला, संस्कृतिका हिसाबले धनी छौँ, नयाँले नसिकेपछि लोप भएर जान्छ कि भन्ने चिन्ता त हुन्छ नै यद्यपि समय-समयमा युवापुस्तालाई सिक्न प्रेरित गरिरहेका छौँ", उहाँले भन्नुभयो, "गाउँपालिका यहाँका सङ्घसंस्थालाई पनि कला, संस्कृति संरक्षण गर्न सक्रिय बनाइरहेको छ, बजेट विनयोजन गर्ने र अन्य पक्षलाई पनि ध्यान दिएका छौँ ।"

# प्रयोगविहीन बन्दै हुलाक सेवा

**पोखरापत्र संवाददाता**
लमजुङ, ४ माघ

कुनै समय एकमात्र सञ्चारमाध्यमका रूपमा रहेको हुलाक सेवा पछिल्लो समयमा हुलाक कार्यालय प्रभावकारी हुन नसक्दा प्रयोगविहीन हुँदै गएको छ । समयानुकूल र प्रविधिमैत्री हुन नसक्दा लमजुङस्थित जिल्ला हुलाक कार्यालयसहित सबै हुलाक प्रयोगविहीन बन्दै गएको हो ।

पछिल्लो समयमा मोबाइल फोन, इमेल, भाइबर, फेसबुकलगायत आधुनिक प्रविधिको विस्तारसँगै हुलाक कार्यालय प्रयोगविहीन बन्दै गएको हो । विसं १९३५ मा हुलाक घरको स्थापना भई सुरू भएको हुलाक सेवा सरकारी कामकाजलाई सहज बनाउन हुलाक ऐन, २०१९ अन्तर्गत देशभर नै स्थापना गरिएको थियो। व्यक्तिगत तथा पारिवारिक सूचना आदान-प्रदान गर्न कुनैबेला प्रमुख साधन बनेको हुलाक सेवा पछिल्लो समय निष्प्रभावी भएको छ । प्रविधिको बढ्दो प्रयोगका कारण हुलाकप्रति मानिसको अरूचि बढ्दै गएको पाइन्छ ।

राइनास नगरपालिकाका ९३ वर्षीय मनमाया गुरूङले भन्नुभयो, "विगतमा चिठ्ठीपत्र हुलाकीलाई घरघरमा ल्याउने गर्दथे, हाम्रो पालामा हामीले कसैलाई केही खबर पठाउन परे पनि हुलाक सेवा अर्थात् चिठ्ठीपत्र प्रयोग गरेका थियौँ । विगतमा हुलाकी दाई गाउँमा आएको देखेपछि विदेशमा गएका छोरा र आफन्तको खबर आयो कि भन्दै सोध्ने गर्दथ्यौँ, खबरको माध्यम भनेकै चिठ्ठीपत्र थियो ।" अहिले आधुनिक प्रविधिसँगै मोबाइल, इन्टरनेटको माध्यमबाट विदेश तथा विभिन्न ठाउँमा रहेका आफ्ना आफन्तको हालखबर मिनेटमै पाउने गर्दा चिठ्ठीपत्र पठाउन नपर्ने भएसँगै यसको बेवास्ता भएको उहाँले बताउनुभयो ।

"विगतमा चिठ्ठीपत्र पाउन पनि महिनौँ दिन कुर्नुपर्थ्यो, त्यसको महत्त्व ठूलो थियो । घर वरिपरि नै हुलाकी दाइ भेटिन्थे तर अहिले हुलाकी दाइ देख्न पनि रहर भइसक्यो," उहाँले भन्नुभयो । तर अहिले हुलाक समयानुकूल हुन नसक्दा नयाँ पिँढीलाई हुलाक सेवा भनेकै थाहा छैन । हुलाक भनेको सुनेको, हुलाक कार्यालय देखे पनि यसको काम के हो ? जानकारी खासै नभएको मध्यनेपाल नगरपालिकाका २२ वर्षीय कुमार विकले बताउनुभयो । अहिलेसम्म हुलाक सेवा हामीलाई आवश्यकता नपरेकाले कुनै जानकारी तथा महत्व थाहा छैन र मैले सुने बुझेअनुसार पहिलाजस्तो हुलाक सेवा प्रभावकारी नभएकाले पनि थापा नभएको उहाँको भनाइ छ । नयाँपुस्ताका विकजस्तै कयौँलाई हुलाक सेवाबारे कमैलाई जानकारी छ ।

प्रविधिको युगसँगै हुलाकको ढाँचा परिवर्तन हुन नसक्दा सरकारी कामकाजका चिठ्ठी, पत्रपत्रिका आदाप्रदान, हुलाक टिकट बिक्री, कहिलेकाहीँ बैंकबाट ऋण लगेर भाखा नाघेका व्यक्तिलाई चिठ्ठी पठाउनेलगायत मात्रै काम हुने गरेको हुलाक अधिकृत गङ्गा घलेले बताउनुभयो । केही वर्षअघिसम्म प्रविधिको विकास नभएकाले हुलाक सेवा प्रभावकारी बने पनि अहिले हुलाक सेवाबाट भन्दा इन्टरनेट, इमेल, मोबाइल, वेबसाइटजस्ता नयाँ प्रविधिले छिटोछरितो सञ्चारसेवा प्रवाह गर्ने भएकाले हुलाक सेवा उपयोगिविहीन बन्दै गएको हुलाक अधिकृत घलेको भनाइ छ ।

लमजुङबाट प्रतिनिधिसभा सदस्य समेत रहनुभएका सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरूङले यस जिल्लामा मात्र नभई देशभरिका हुलाक सेवा प्रभावकारी नभएको गुनासो आइरहेको र महत्त्व कम हुँदै गएको पाएकाले यसलाई प्रभावकारी, प्रविधिमैत्री बनाउँदै समयसाक्षेप बनाउनुपर्नेमा आफ्नो ध्यान केन्द्रित भएको बताउनुभयो। विगतकै पारामा अब हुलाक सेवा चल्न नसक्ने र तत्कालै यसलाई परिवर्तन गर्न सक्ने अवस्था पनि नभएकाले विस्तारै हुलाक सेवाका पुरानो नीतिनियमलाई परिमार्जन गरेर प्रविधिमैत्री बनाएर अघि बढ्न लागेको उहाँको भनाइ छ ।

जिल्ला हुलाक कार्यालयका अनुसार सरकारी चिठी र केही व्यक्तिको पार्सललगायत गरी बढीमा २०/२५ वटा चिठ्ठी दैनिक आउने गरेको छ । जिल्लामा एक जिल्ला हुलाक, १० वटा इलाका, ५० वटा अतिरिक्त हुलाक गरी ६१ वटा हुलाक कार्यालय छन् । यी सबै कार्यालयमा दुई सय १० जनाभन्दा बढी कर्मचारी छन् । यतिबेला हुलाकका कर्मचारी कार्यालयका कर्मचारी कार्यालय कुर्ने र घाम तापेर घर आउने जाने गरिरहेका छन् ।

# बेनी-मल्लाज सडक स्तरोन्नति

**पोखरापत्र संवाददाता**
म्याग्दी, ४ माघ

पर्वतको जलजला गाउँपालिकाको मल्लाज क्षेत्रका पाँचवटा वडालाई म्याग्दीको सदरमुकाम बेनी बजारसँग जोड्ने बेनी-मल्लाज सडक स्तरोन्नति भएको छ ।

उकालो र साँघुरो कच्ची सडकमा सवारीसाधन सञ्चालनमा असहज हुनुका साथै दुर्घटनाको जोखिम थियो। घुम्ती तथा ग्रेड सुधार र ढलान गरेर सडक स्तरोन्नति गरिएको जलजला गाउँपालिकाका उपाध्यक्ष दीपक आचार्यले जानकारी दिनुभयो ।

पर्वत-बेनी खानेपानी योजनाको ट्याङ्कीमाथि र माइनडाँडा क्षेत्रमा तीन सय मिटर सडक ढलान भएको उहाँले बताउनुभयो । उक्त योजनाका लागि जलजला गाउँपालिका, वडा नं २, ३ र ४ ले चालु आर्थिक वर्ष २०८१/८२ मा रू ५० लाख विनियोजन गरेका थिए। सडक स्तरोन्नति भएसँगै माझफाँट, बाँसखर्क, लेखफाँट, म्याग्दीको नागी र राम्चेका स्थानीयलाई आवतजावतमा सहज भएको छ । फराकिलो सडक, नाली निर्माण र उकालोमा ढलान गरेसँगै सवारीसाधन आवतजावतमा सहज भएको जलजला-३ का वडाध्यक्ष एकिन्द्र खत्रीले बताउनुभयो ।

यसअघि आव २०७९/८० मा रू एक करोड १५ लाखको लागतमा सोही सडकको विभिन्न ठाउँमा चार सय सात मिटर दूरीमा सडक फराकिलो, उकालोमा आरसिसी ढलान, नाली, ग्याबियन जाली र मेसिनरी पर्खाल निर्माण गरिएको थियो । मल्लाजवासीलाई पालिका केन्द्र लामाखेत जान र व्यावसायिक कामका लागिसदरमुकाम बेनी जाने यो छोटो दूरीको सडक हो । विसं २०७३ मा मार्ग खुलेको तीन किलोमिटर दूरीको पर्वत-बेनी-मल्लाज सडकको अप्ठ्यारो अधिकांश ठाउँमा ढलान भएको छ। बाँकी ठाउँमा आगामी वर्ष स्तरोन्नति गरिने जनप्रतिनिधिले बताएका छन् । सङ्घीय सरकारको 'एक निर्वाचन क्षेत्र एक रणनीतिक सडक' आयोजना कार्यक्रममार्फत मल्लाजको भुरतुलाबाट लेकफाँटतर्फ कालोपत्रसहित स्तरोन्नति योजना निर्माणाधीन छ । सघन सहरी तथा भवन निर्माण आयोजना कार्यालय बागलुङमार्फत गत असारमा जलजला वडा नं ४ को दोवदोवेबाट वडा न ३ र २ को मल्लाज हुँदै वडा नं १ बाँसखर्कको सिमानासम्म तीन किलोमिटर एक सय मिटर कालोपत्र र दुई सय ५० मिटर सडक ढलान भएको थियो ।

# महिला विश्वकप क्रिकेटको पहिलो खेल नेपालले बङ्गलादेशसँग खेल्ने

**रासस**
काठमाडौं, ४ माघ

मलेसियामा आयोजना हुने आइसिसी यु-१९ महिला विश्वकप क्रिकेटमा नेपालले बङ्गलादेशको सामना गर्दै प्रतियोगिताको उद्घाटन गर्ने भएको छ।

पहिलो पटक विश्वकपमा सहभागिता जनाएको नेपालले बङ्गलादेश विरुद्ध जित निकाल्दै प्रतियोगितामा सुखद् सुरुवात गर्ने लक्ष्य लिएको छ। उक्त खेल नेपाली समयअनुसार शनिबार दिउँसो १२:१५ बजेदेखि सुरु हुनेछ । गत वर्षको नोभेम्बरमा युनाइटेड अरब इमिरेट्स (युएई) मा भएको विश्वकपका लागि एसियाली छनोट खेल भएको थियो । उक्त खेलमा नेपाल विश्वकपका लागि छनोट भएको हो । त्यतिबेला नेपाल पहिलो खेलमा युएईसँग पराजित भएको थियो भने अन्तिम खेलमा नेपालले युएईलाई पराजित गर्दै विश्वकपमा स्थान बनाएको थियो । विश्वकप छनोटसँगै पहिलो पटक आयोजना हुन लागेको यु-१९ महिला एसिया कपमासमेत नेपाल सहभागी हुने अवसर पाएको हो। विश्वकपमा विभिन्न १६ राष्ट्रको सहभागिता रहेको छ । जसलाई चार समूहमा विभाजन गरिएको छ । प्रतियोगितामा नेपाल समूह 'डी' मा परेको छ। नेपालको समूहमा स्कटल्यान्ड, बङ्गलादेश र अस्ट्रेलिया छन् । नेपालले दोस्रो खेल माघ ७ गते स्कटल्यान्डसँग खेल्नछ भने तेस्रो खेल माघ ९ गते अस्ट्रेलियासँग खेल्नेछ । यसैगरी प्रतियोगिताको समूह 'ए' मा आयोजक मलेसियासहित साविक विजेता भारत, श्रीलङ्का र वेस्ट इण्डिज छन्। त्यस्तै समूह 'बी' मा इग्ल्याण्ड, आयरल्याण्ड, पाकिस्तान र अमेरिका छ्न। समूह 'सि' मा न्युजिल्याण्ड, समोआ, दक्षिण अफ्रिका र नाजेरिया छन्। प्रत्येक समूहका शीर्ष तीन टोली सुपर सिक्समा प्रवेश गनेछन् । सुपर सिक्समा समान छ देशको दुई समूह हुनेछ। सुपर सिक्समा स्थान बनाएमा नेपालले भारत, श्रीलङ्का तथा वेस्ट इण्डिजसँग खेल्न पाउने सम्भावना रहनेछ । सुपर सिक्सका दुवै समूहका शीर्ष दुई टोली सेमिफाइनलमा पुग्नेछन्। नेपाली टोलिमा कप्तान पूजा महतोसँगै सोनी पाख्रिन, किरनकुमारी कुँवर, कृष्मा गुरुङ, साना प्रविन, स्नेहा महरा र सावित्रा धामी छन्। त्यस्तै तृषना विक, रिया शर्मा, अलिशाकुमारी यादव, कुसुम गोदार, सिमाना केसी, ज्योत्सिका मरासिनी, रचना चौधरी र अनु कडायत छन्।

# प्रधानमन्त्री कप क्रिकेटमा लुम्बिनीद्वारा गण्डकी पराजित

**रासस**
काठमाडौं, ४ माघ

प्रधानमन्त्री कप टी-२० महिला राष्ट्रिय क्रिकेटमा लुम्बिनीले गण्डकी प्रदेशलाई पराजित गरेको छ।

धनगढीस्थित फाप्ला क्रिकेट मैदानमा आज भएको खेलमा लुम्बिनीले गण्डकीलाई ६ विकेटले पराजित गर्दै पहिलो जित दर्ता गरेको हो। गण्डकीले दिएको ९८ रनको लक्ष्य लुम्बिनीले १६.२ ओभरमा ४ विकेटको क्षतिमा पूरा गर्‍यो । लुम्बिनीका लागि प्लेयर अफ द म्याचसमेत चुनिएकी सरस्वती पुन ३१ रनमा अविजित रहिन्। रञ्जु श्रेष्ठले २० र आङ्गी पाठकले १८ रन बनाइन्।

गण्डकीका लागि अपेक्षा बुढाथोकीले २ विकेट लिइन् । यसअघि गण्डकीले पूरै २० ओभर खेलमा ४ विकेटको क्षतिमा ९७ रन बनाएको थियो । गण्डकीका लागि सलिना सेनले अविजित ३३ र रेखा तामाङले २५ रन बनाइन्। लुम्बिनीका लागि मनिष रानाले २, मधु डीसी र आङ्गी पाठकले १-१ विकेट लिइन्।


## शिक्षक आवश्यकता

प्रकाशित मितिः २०८१/१०/०५

यस विद्यालयको मिति २०८१/०९/२९ गतेको वि.व्य.स.को बैठक निर्णय अनुसार पोखरा महानगरपालिका शिक्षा महाशाखाको मिति २०८१/१०/०४ गतेको पत्र संख्या ०८१/८२ च.न. ५८८ को पत्रअनुसार यस श्री हर्पनकोट मा.वि. मा स्विकृत दरबन्दीमा रिक्त रहेको प्रा.वि. तह तृतीय श्रेणीको करार शिक्षक नियुक्तिको लागि विज्ञापन गर्न अनुमति प्राप्त भएकोले यो विज्ञापन प्रकाशित गरिएको छ। तपशिलमा उल्लेखित योग्यता पुरा भएका इच्छुक नेपाली नागरिकहरुबाट आवेदनको लागि अनुरोध गरिन्छ।

**तपशिल**

विज्ञापन नं.: ०२ /०८१/०८२ पदः प्रा.वि. करार शिक्षक
संख्याः १ जना
तलव स्केलः नेपाल सरकारको प्रचलित नियम सरह
उमेरः १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको
योग्यताः न्यूनतम कक्षा १२ पास वा सो सरह
आवश्यक कागजातहरुः
- हस्तलिखित निवेदन
- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १ थान
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १ थान
- स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि १ थान

दरखास्त दिने अन्तिम मितिः २०८१/१०/१९ गते ४:०० बजेसम्म
सम्पर्क मितिः २०८१/१०/२० गते
निवेदन दस्तुरः रु १०००।-
परीक्षाको किसिमः लिखित र अन्तवार्ता

**श्री हर्पनकोट मा. वि.**
**पोखरा-२३, कुदवीडाँडा**
**सम्पर्क नं.: ९८५६०४३२८६, ९८४६०३०२३८**